आज मिति २०७६।११।२३ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा बली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं.३ ,वडा अध्यक्ष |
| ६. श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री रामबहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
२. ल्याव असिस्टेन्टको बैकल्पिक उम्मेद्‌वार सिफारिस सम्वन्धमा ।
३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता समिति गठन सम्वन्धमा ।
४. राहत वितरण सम्वन्धमा ।
५. हातेमालो कार्यक्रमका लागि वडा छनौट सम्वन्धमा ।
६. बैकल्पिक ऊर्जा सम्वन्धमा ।
७. स्वास्थ्यचौकी खानेपानी व्यवस्थापन सम्वन्धमा ।

**निर्णयहरु :**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा दार्मा गाउँपालिका शिक्षा समितिको मिति २०७६ फागुन २३ गते भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा दार्मा गाउँपालिकाअन्तर्गत दार्माकोट स्वास्थ्यचौकीमा कार्यरत ल्याब असिस्टेन्ट श्री डिल्लीराज के.सी.को राजीनामा स्वीकृत भइसकेको हुँदा उक्त पदमा करार कर्मचारी व्यवस्थापन कार्यविधि-२०७६ बमोजिम वैकल्पिक उम्मेद्वार श्री विष्णु खड्कालाई सिफारिस गर्ने निर्णय गरियो ।

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट मिति २०७६/११/१९ मा प्राप्त चलानी नं. १२७२ को पत्रअनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) बमोजिम दार्मा गाउँपालिकामा तपसिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

**क) समन्वय समिति**

अध्यक्ष - श्री टीका शर्मा ओली (उपाध्यक्ष)
सदस्य - श्री अमृत खड्का (निमित्त प्रमुख प्रशासकीय अधिकृत)
सदस्य - श्री चन्द्रबहादुर रावत (संयोजक, सामाजिक विकास समिति)
सदस्य - श्री शेरप्रसाद ढकाल (शिक्षा, युवा तथा खेलकुद शाखा)
सदस्य सचिव - श्री नेमबहादुर खत्री (प्रशासन तथा सामाजिक विकास शाखा प्रमुख)

**ख) गुनासो सुनुवाई समिति**

संयोजक - श्री अमृत खड्का
सदस्य - श्री नेमबहादुर खत्री
सदस्य सचिव - श्री खुमबहादुर के.सी.

**ग) वडास्तरीय गुनासो सुनुवाई समिति**

| वडा नं. | नाम, थर | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कविकुमार चन्द | संयोजक | वडा अध्यक्ष | |
| | श्री पुतला खड्का | सदस्य | महिला सदस्य | |
| | श्री घमण्ड वली | सदस्य सचिव | वडा सचिव | |
| २ | श्री डिल्लीबहादुर के.सी. | संयोजक | वडा अध्यक्ष | |
| | श्री अमृता कामी | सदस्य | महिला सदस्य | |
| | वडा सचिव | सदस्य सचिव | वडा सचिव | |
| ३ | श्री सेतीराम रोकाहा | संयोजक | वडा अध्यक्ष | |
| | श्री मञ्जु शाही | सदस्य | महिला सदस्य | |
| | श्री मोहन बुढाथोकी | सदस्य सचिव | वडा सचिव | |
| ४ | श्री चन्द्रबहादुर रावत | संयोजक | वडा अध्यक्ष | |
| | श्री जुना मल्ल | सदस्य | महिला सदस्य | |
| | श्री विर्खबहादुर खड्का | सदस्य सचिव | वडा सचिव | |
| ५ | श्री रामबहादुर के.सी. | संयोजक | वडा अध्यक्ष | |
| | श्री हिरा खड्का | सदस्य | महिला सदस्य | |
| | श्री केशव के.सी. | सदस्य सचिव | वडा सचिव | |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री दुर्गाबहादुर मल्ल | संयोजक | वडा अध्यक्ष | |
| | श्री देवी खत्री | सदस्य | महिला सदस्य | |
| | वडा सचिव | सदस्य सचिव | वडा सचिव | |

४. **प्रस्ताव नं.** ४ माथि छलफल गर्दा भारतको गौरीकुण्डमा मिति २०७० असार ३ गतेको घटनामा ज्यान गुमाउने व्यक्तिको परिवारलाई प्रतिपरिवार १५ हजारका दरले राहत रकम प्रदान गर्ने निर्णय गरियो । उक्त रकम लिनका लागि आवश्यक कागजातसहित पीडित परिवारबाट निवेदन लिई 'भारतको गौरीकुण्ड घटनामा परी ज्यान गुमाएकाहरुको परिवारलाई सहयोग कार्यक्रम' शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं.** ५ माथि छलफल गर्दा अति बिपन्न किसान-सरकार हातेमालो कार्यक्रमका लागि दार्मा गाउँपालिकाको वडा नं. २ लाई छनौट गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं.** ६ माथि छलफल गर्दा वैकल्पिक ऊर्जाको लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रकम रु. १३,००,०००।- (अक्षरुपी तेह्र लाख रुपैयाँ मात्र)मध्ये ५ लाख रुपैयाँ सडकमा सोलार बत्ती जडानका लागि विनियोजन गर्ने र ८ लाख रुपैयाँ बायोग्याँस प्लान्ट निर्माणको लागि विनियोजन गर्ने निर्णय गरियो । बायोग्याँस प्लान्टको रकममा कन्टेन्जेन्सी कट्टी नगर्ने र रकम साझेदार गर्ने कम्पनीलाई बायोग्याँस प्लान्ट निर्माणमा प्राथमिकता दिने निर्णय गरियो ।

७. **प्रस्ताव नं.** ७ माथि छलफल गर्दा ढाकाडाम स्वास्थ्यचौकीमा खानेपानीको व्यवस्था गर्नको लागि स्वच्छता परियोजनासँगको साझेदारीमा योजना कार्यान्वयन गर्न आवश्यक समपुरक रकम ६ लाख रुपैयाँ वडा नं. ५ अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि गाउँपालिकाले विनियोजन गरेका झाँक्रीका मुल-ढाकाडामकोट खानेपानी मर्मत आयोजनाको ३ लाख रुपैयाँ, स्याला तिम्लाचौर खानेपानी मर्मत आयोजनाको १ लाख रुपैयाँ, स्याला छरिखोला खानेपानी आयोजनाको १ लाख रुपैयाँ, बराखोला टाकुरा खानेपानी मर्मत आयोजनाको १ लाख रुपैयाँ कटौती गरी सो योजनामा विनियोजन गर्ने निर्णय गरियो ।